# राजपुर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

☎९८५७८३५२४०

गंगदी, दाङ
५ नं. प्रदेश, नेपाल

प.स :०७५।०७६
च.नं.:१०४६

**करारमा सेवा लिने सम्वन्धी सूचना**

**सूचना प्रकाशित मिति : २०७५।१२।२८**

राजपुर गाउँपालिकाको लागि तपसिल बमोजिमको पदको रुपमा देहायको संख्या र योग्यता भएको प्राविधिक कर्मचारी करारमा राख्नु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मिति ले १५ (पन्ध्र) दिनको कार्यालय समय भित्र राजश्व तिरेको नगदी रसिद सहित दरखास्त दिन हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । दरखास्त फाराम, दरखास्त दस्तुर, कार्य विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयवाट वा कार्यालयको वेब साइट www.rajpurmundang.gov.np बाट उपलब्ध हुनेछ ।

१. आवश्यक पद संख्या :

| पदनाम | संख्या |
|---|---|
| सिभिल इन्जिनियर | १ (एक) |
| सिभिल सब इन्जिनियर | १ (एक) |

२. शैक्षिक योग्यता र अनुभव:

(१) नेपाली नागरिक

(२) न्यूनतम शैक्षिक योग्यता : इन्जिनियरका लागि बी.ई. सिभिल र सब इन्जिनियरका लागि प्रमाण पत्र तह (सिभिल) उत्तीर्ण ।

(३) सम्वन्धित कामको अनुभव प्रति वर्ष २ अंकका दरले बढीमा १० अंक प्राप्त हुने ।

(४) दरखास्त दिने अन्तिम मितिमा सब इन्जिनियरको हकमा १८ वर्ष र इन्जिनियरको हकमा २१ वर्ष पूरा भै ३५ वर्ष ननाघेको ।

(५) इन्जिनियरको हकमा काउन्सिलमा दर्ता भएको ।

३. करार अवधि : २०७६ असार मसान्त सम्म । कार्य सन्तोषजनक भएमा आगामी आ.व.मा करार निरन्तरता हुन सक्ने ।

४.आवेदन दस्तुर इन्जिनियरको लागि रु.१०००।० र सब इन्जिनियरको लागि रु. ४००।०

५. दरखास्त फाराम पाइने र बुझाउने स्थान : राजपुर गाउँ कार्यपालिकाको कार्यालय गंगदी दाङ ।

६. मासिक पारिश्रमिक : इन्जिनियर रु. ३०५००।० सब इन्जिनियर रु. २३५००।०

७. अन्य कुरा बुझ्नु परेमा कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

☎९८५७८३५२४०

राजपुर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
गंगदी, दाङ
५ नं. प्रदेश, नेपाल

प.स :०७५।०७६
च.नं.: १०८५

मिति २०७६।१।२

विषय :- सूचना टाँस गरी जानकारी पठाइदिने बारे ।

श्री वडा कार्यालयहरु,
सबै ।

प्रस्तुत विषयमा यस कार्यालयको लागि सेवा करारमा लिने सम्वन्धी मिति २०७५।१२।२८ मा प्रकाशित सूचना पाना १ यसै साथ संलग्न राखी पठाइएको हुँदा त्यस कार्यालयको सूचना पाटीमा टाँस गरी जानकारी पठाइदिनु हुन अनुरोध छ ।

बोधार्थ
श्री सूचना प्रविधि शाखा : उक्त सूचना कार्यालयको वेब साइटमा राखिदिनुहुन ।

हिरालाल भण्डारी
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

राजपुर गाउँपालिका, दाङ